# नेपाली राजदूतावास
# Embassy of Nepal
**Copenhagen, Denmark**

## प्रेस विज्ञप्ति

नेपाली राजदूतावास डेनमार्कद्वारा एक कार्यक्रमका बीच ११२ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो । डेनमार्कमा रहनु हुने विभिन्न संघसंस्थामा कार्यरत नेपालीहरू, तथा केही विदेशी महिलाहरूको समेत उपस्थिति रहेको उक्त कार्यक्रममा नेपालमा लैङ्गिक समानताको अवस्था र यसमा आ-आफ्नो तर्फबाट खेल्न सकिने भूमिकाको चर्चा गरिएको थियो । कार्यक्रममा बोल्दै कार्यवाहक राजदूत श्री तीर्थराज अर्यालले नेपालले लैङ्गिक समानताको क्षेत्रमा उदाहरणीय उपलब्धि हासिल गरेको, राजनीतिक नेतृत्वमा महिलाहरूको सहभागिता संविधानले नै सुनिश्चित गरेको, आर्थिक, सामाजिक, वातावरणीय, शैक्षिक आदि क्षेत्रमा महिलाहरूको सहभागितामा निकै प्रगति भएको, नेपालको इतिहासदेखि नै महिलाहरूले समाज विकासमा महत्वपूर्ण योगदान गरेका र देशको समग्र विकासको लागि लैङ्गिक समानता अनिवार्य सर्त रहेको विचार व्यक्त गर्नु भयो । कार्यक्रममा बोल्दै कोपेनहेगन विश्वविद्यालयकी प्राध्यापक तथा नेपालमा लामो समयसम्म आप्रवासन तथा सामाजिक मानवशास्त्रको अध्ययन गर्नु भएकी डा. करिन भेलिन्टिन (Karen Valentin) ले नेपालले लैङ्गिक समानताको क्षेत्रमा निकै प्रगति गरेको भएतापनि नेपाली महिलाहरूले पुरुष सरह समान अवसर पाउन बाँकी रहेको विचार व्यक्त गर्नु भयो । वहाँले राजनीतिक नेतृत्वमा महिलाहरू धेरै रहेको भएतापनि निर्णय प्रक्रियामा सोही अनुपातको सुनिश्चितता नभएको विचार व्यक्त गर्नु भयो । कार्यक्रममा दूतावासका तृतीय सचि श्री केशव राज पन्थीले स्वागत मन्तव्य दिनु भएको थियो भने गैर-आवासीय नेपाली सङ्घ डेनमार्कका अध्यक्ष श्री शैलेन्द्र अधिकारी तथा क्रिएटिभ नेपाली वुमन डेनमार्ककी अध्यक्ष श्री श्रेया महर्जनले लैङ्गिक विभेद तथा यसको निरूपणका लागि महिला तथा पुरुषहरूले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा आ-आफ्ना विचारहरू प्रस्तुत गर्नु भएको थियो ।

नेपाली राजदूतावास कोपनहेगन

२०७८ फागुन २४
कोपेनहेगन डेनमार्क

Esplanaden 46, Sal. 2, 1263 Copenhagen K, Denmark
Tel: +45-44444026/35 Email: eoncopenhagen@mofa.gov.np